जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ६८ २०८१ साल असोज १९ गते शनिबार (5 Oct. 2024 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दैवी प्रकोपले पुनःसिकाएको.. ३ पृष्ठमा : सडक पुल पुनः निर्माणका ... ३ पृष्ठमा :"मध्यपूर्व तनावका करण...

# सप्तरी पर्यटकिय क्षेत्रको रुपमा विकास भएमा, "रोजगारीको अवस्था सृजना हुनुका साथै आन्तरिक आयश्रोत समेत बढ्ने" : वक्ताहरु



**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

सप्तरीको सप्तकोशी नगरपालिका २ गोबर्द्धन बैरागी उच्च माविमा शुक्रबार प्रस्तावित पर्यटकिय क्षेत्रको विषयमा बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले प्रदेश सरकारको पञ्च वर्षिय योजनामा जिल्लाको विभिन्न स्थानहरुलाई सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा पर्यटकिय प्रवर्द्धनका लागि प्रस्ताव पेश गर्नुका साथै ती स्थानहरुको अवलोकन पश्चात् अन्तरक्रिया कार्यक्रम गरिएको हो ।

सम्पन्न अन्तरक्रियामा वक्ताहरुले जिल्लालाई पर्यटकीय क्षेत्रको रुपमा विकासका लागि हरसम्भव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । उनीहरुले सप्तकोशीदेखी हनुमाननगरसम्म २५ किलोमिटरको क्षेत्रलाई पर्यटकीय स्थल तथा पर्यटकीय कोरिडोरको रुपमा विकास गर्न सकिए जिल्लामा थोरै भएपनि रोजगारीको अवस्था सृजना हुनुका साथै आन्तरिक आयश्रोत समेत बढ्ने विश्वास व्यक्त गरेका छन् ।

गृहमन्त्री लेखीको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रियामा मधेस योजना तथा नीति आयोगका उपाध्यक्ष डा. सोहन साह, नेकपा एमाले सप्तरीका ईन्चार्ज एवं पोलिट्व्युरो सदस्य सुमनराज प्याकुरेल, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकाल लगायत स्थानीय बुद्धिजिवि, समाजसेवी लगायतको सहभागिता रहेको थियो ।

यसअघि बिहीबार मन्त्री लेखीको नेतृत्वमा उच्च स्तरीय टोलीले प्रस्तावित पर्यटकिय करिडोरको अध्यन अवलोकन समेत गरेको थियो ।

टोलीले जिल्लाको कोशी व्यारेजदेखि सप्तकोसी नगरपालिकामा अवस्थित ऐतिहासिक चन्द्र नहरसम्मको करीब २५ किलोमिटरमा पर्ने कोशी टप्पु बन्यजन्तु आरक्ष संग जोडिएका क्षेत्रहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकाश गर्ने उद्देश्यका साथ स्थलगत अध्यन अवलोकन गरेको हो ।

मन्त्री लेखीले असोज १४ गते प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष डा. सोहन साहलाई आयोगको पञ्च बर्षिय योजना तयार भई स्वीकृत हुने चरणमा रहेको हुदा जिल्लाको कोशी टप्पु बन्य जन्तु आरक्ष क्षेत्र सँग जोडिएका पर्यटकिय सम्भावना बोकेका सप्तकोशी नगरपालिकाको फत्तेपुर, सिद्दिपुर, सखुबनीहुँदै हनुमाननगर कंकालिनी सम्मको करीब २५ किलोमिटरको क्षेत्रलाई पर्यटकिय करिडोरको रुपमा बिकास गरिनु पर्ने मागसहित ध्यानाकर्षण पत्र बुझाएका थिए ।

# नवनिर्वाचित नगर व्यापार समितीका पदाधीकारीद्वारा पदभार ग्रहण



**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

बोदेवर्साइन नगर व्यापार समितीका नवनिर्वाचित पदाधिकारीहरुले शुक्रबार पद तथा गोपनियताको शपथ लिदै पदभार ग्रहण गरेका छन् ।

शुक्रवार सप्तरीको बोदवर्साईन नगरपालिका ५ स्थित गुदरी हाटमा आयोजना गरीएको कार्यक्रममा बोदेवर्साइन नगर व्यापार समितीका नवनिर्वाचित पदाधिकारीहरुले पद तथा गोपनियताको शपथ लिदै पदभार गरेका हुन ।

हालै सम्पन्न निर्वाचनमा नगर व्यापार समितीको अध्यक्षमा देवनारायण साह, उपाध्यक्षमा राधेश्याम भगत, नागेश्वर प्रसाद साह, सचिवमा अनिल प्रसाद सिंह र कोषाध्यक्षमा ज्योति देवी अग्रवाल निर्वाचित भएका थिए ।

यस्तै सदस्यहरुमा राज कुमार साह बिरेन्द्र, मनोज कुमार यादव, मिथलेश कुमार यादव, प्रमोद कुमार साह, भदौ देवी साह, अफ्तर अली, लक्ष्मी साह, महेश कुमार साह, पशुपती साह र आसुतोष कुमार यादव निर्वाचित भएका थिए ।

सप्तरी उधोग बाणिज्य सघका अध्यक्ष लालु प्रसाद अग्रवालले नगर समितीका अध्यक्ष साहललाई शपथ ग्रहण गराएका थिए । अन्य निर्वाचित पदाधिकारीहरुलाई नवनिर्वाचित अध्यक्ष साहले शपथ ग्रहण गराए ।

सप्तरी उद्योग बाणिजय

*बाँकी अन्तिम पृष्ठमा*

# मधेश प्रदेश सरकारले दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुँपैया दिने

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

मधेस प्रदेश सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुँपैया आर्थिक सहयोग गर्ने भएको छ ।

शुक्रबार बसेको मन्त्रीसहित प्रदेश सरकारमा सहभागी सत्तारुढ दलहरूको संयुक्त बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५१ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो ।

मुख्यमन्त्री सतिस सिंहले बैठकले प्रदेश सरकारको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहतस्वरुप आर्थिक सहयोग गर्ने निर्णय गरेको जानकारी दिए ।

यस्तै बैठकले प्रदेश सरकारको विभिन्न निकायमा नियुक्त भएका कर्मचारीहरूको कामबारे अध्ययन गर्न समिति गठन गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

पान नं. ३०३६३८७८ सहकारी ऐन २०४८ अन्तर्गत स्थापित जि.स.का.स.द.नं. ११/२०५८/०५८

**नेपाल सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय: राजविराज-३ सप्तरी, फोन: ०३१-५३१०९६ Email: ncl2058@gmail.com

**प्रेस विज्ञप्ति**

पत्र संख्या :२०८१/८२
चलानी नं: ९४६

मिति : २०८१/०६/१८

सहकारी क्षेत्रमा विश्वसनियता र आफ्नो छुट्टै पहिचान बनाउन सफल यस संस्था बारे केही दिन यता सामाजिक संञ्जाल मार्फत राजविराज-५ निवासी सागर गुप्ता भन्ने ईन्द्रसागर गुप्ताले भ्रमपुर्ण र गलत प्रचारबाजी गरिरहेको तर्फ हाम्रो गम्भिर ध्यानार्कषण भएको छ । हुदै नभएको कुरा तथा संस्थाका पदाधिकारी, कर्मचारी र समग्र संस्थाकै बारेमा झुठा अफवाह फैलाएर गुप्ताले संस्थालाई बदनाम गर्न खोजेको हाम्रो ठहर छ । यति मात्र होइन निज गुप्ताले गालीगलौज र धाकधम्की जस्तो तल्लोस्तरको क्रियाकलापमा समेत उत्रेको घटना प्रति गहिरो दुःख र खेद प्रकट गर्दछौं । ईन्द्र सागर गुप्ता यस संस्थामा जिम्मेबारीमा रहँदा बखत बिभिन्न सदस्य ग्राहकको बचत रकम संकलन गरी संस्थामा नबुझाई हिनामिना गरेको समेत सबैमा जानकारी गराउदछौं । उक्त रकम बुझाउन पटक-पटक गुप्तालाई ताकेता गर्दा पनि आलटाल गर्ने भएकोले रकम असुल उपरका लागी बाध्य भई अदालतको शरण पुगेको जानकारी गराउदछौं । यस बारे मिति २०८०/०८/२१ गते सम्मानित सप्तरी जिल्ला अदालतमा ०८०-cp-१०९७ को रकम दिलाई पाँउ भन्ने मुद्धा र मिति २०८०/०९/१३ गते ०८०-WO-००५४ को निषेधाज्ञा मुद्धा समेत संस्थाबाट चलाई राखेको छ । हाल सो मुद्धाहरु कारवाही युक्त अवस्थामा रहदाँ समेत निज गुप्ताले त्यस्ता गति विधी नरोकी संस्थालाई बदनाम गर्ने गरी निरन्तर सामाजिक संञ्जालमा गलत र भ्रमपुर्ण प्रचारबाजी गरिरहेकोले त्यस्ता गतिविधीको घोर भर्त्सना सहित सम्पुर्ण शेयर सदस्य, सेवाग्राही तथा आम नागरीकलाई भ्रममा नपर्न जानकारीका साथ अनुरोध गर्दछौ । साथै आफ्नो अपराध लुकाउन नियोजित रुपमा दुःषित मनसायका साथ संस्था विरुद्ध गरिने यस्ता अनर्गल प्रचारबाजी विरुद्ध थप कानूनी प्रकृयामा जाने समेत यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराउदछौं ।

शत्रुघ्न प्रसाद गुप्ता
अध्यक्ष
नेपाल सहकारी संस्था लि.
राजविराज-३, गजेन्द्र चौक

अध्यक्ष

**बैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू**

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- बैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको बैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै बैदेशिक रोजगारीमा जाऔं ।
- बैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- बैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- बैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### विभेद हटाउन सामाजिक पहल पनि आवश्यक

अहिलेको आधुनिक युगमा समाजमा विभिन्न प्रकारको विभेद भइरहेको छ । यस्ता विभेदले झनै जडो गाड्दै गइरहेको छ । विश्वको अधिकांश मुलुकमा धर्म र रंगको विभेद छ भने नेपाल अहिले यी दुबैसहित धन, जात, लिंग लगायतका आधारमा विभेद हुने गरेको छ । यद्दपी नेपालमा धर्म र रंगको विभेदले खासै असर पारिएको देखिन्न् तर यहाँ अधिकांश रुपमा जातिय विभेद भने कायम छ ।

विभेदरहित देश बनाउन असम्भव हुने कुरा कटुसत्य हो । तर, राज्य र सचेत नागरिकले इमान्दारीपूवर्क प्रयास गरेमा सबै प्रकारका विभेदलाई न्यूनीकरण गर्न सकिन्छ । नेपालमा दलित समुदायलाई पहाडे दलित, मधेशी दलित र नेवारी दलितमा विभाजन गर्ने गरिन्छ र सबैभन्दा पीडित भने मधेशी दलित छन् । कानुनको फितलो कार्यान्वयनका कारण अझै पनि दलितहरुसँग जातीय भेदभाव र छुवाछुत कायमै रहेको छ । नेपालले जातीय लगायत हरेक प्रकारका भेदभाव न्यूनीकरण गर्न २०७२ को संविधानलाई कडा रुपमा कार्यान्वयन गर्नेतर्फ लाग्नु पर्ने आवश्यकता छ ।

तसर्थ त्यसका लागि सबै राजनीति दलले इमान्दारीताका साथ सहयोग गरि कार्यान्वयन पक्षलाई चुस्तदुरुस्त बनाउनु आवश्यक छ भने सामाजिक स्तरबाट पनि यसलाई निस्तेज पार्न सहयोग, पहल र सहकार्य पनि उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दैवी प्रकोपले पुन:सिकाएको पाठ र आगामी बाटो

**प्रा डा विश्वम्भर प्याकुऱ्याल**

काठमाडौँ, १८ असोज (रासस) ।

केही वर्षदेखि नेपालमा बाढीको प्रकोपले बहुक्षेत्रीय अकल्पनीय क्षति पुऱ्याउन थालेको छ । धेरै जिल्लाका सयौँ गाउँ बाढीमा पुरिएका छन् । पानीको आपूर्तिमा व्यवधान आएको छ र जति आपूर्ति भएका छन् ती प्रदूषित छन् । अब विशेष गरेर डेङ्गु र हैजाका बिरामी सङ्ख्यात्मक हिसाबले बढ्ने निश्चितप्राय: छ ।

जथाभावी खोला, नदी पुरेर सहरीकरण तीव्र पारिएकाले प्राकृतिक पानी जम्मा हुने क्षेत्र नाश भएको छ । यसले गर्दा वर्षाको पानीले सहरी क्षेत्र डुबानमा परेको छ । यातायात संरचना ध्वस्त भएर मुलुकभरि अधिकांश ठाउँमा आवतजावत ठप्प भएको छ । यसले उद्धार कार्यलाई पनि विलम्ब गराएको छ । अहिले भएको क्षतिले गर्दा उद्धार कार्यमा ढिलाइ तथा स्रोतको परिचालन राष्ट्रिय सङ्कटको रुपमा देखापरेकाले सङ्कटकालको घोषणा गर्नुपर्ने अवस्था छ । भूइँचालोमा घरबारविहीन भएका सेवाग्राही अहिलेसम्म विस्थापित छन् । अब यो नयाँ सङ्कटमा परेका दु:खीहरुलाई सरकारले कहिले पार लगाउने हो भन्ने आशाा जनता रहेका छन् । यसपटक सङ्कटकालीन सेवाको अति नै आवश्यकता भएको बेला स्थानीय सरकारले आफूनो भूमिकालाई प्रभावकारी बनाउन नसकेको टिप्पणी भएको छ ।

अहिले आएको बाढीले तीव्र रूपमा विद्युत् आपूर्तिमा क्षति पुऱ्याएको छ । झन्डै १६ वटा जलविद्युत् परियोजना नराम्ररी क्षत्विक्षत भएका छन् । यस्तो क्षतिले विद्युत् उत्पादन घटाएर सरकारको आम्दानीमा मात्र असर पार्ने हैन, उत्पादनकर्ताको ऋण तिर्न सक्ने क्षमतामा ह्रास ल्याउनुका साथै ऋण लिन गरिने सामर्थ्य समेत कमजोर तुल्याउँछ । भौतिक पूर्वाधारमा भएको अकल्पनीय क्षतिले स्थानीय अर्थतन्त्रलाई कमजोर बनाएर पुनर्निर्माणको लागत बढाउँछ । जलविद्युत् क्षेत्रमा गरिएको तत्कालिक क्षति आँकलनअनुसार रु २ दशमलव ४५ अर्ब पुगेको छ । यसमा ऊर्जा र सिँचाइमा थप रु ४ दशमलव ३५ अर्बको लागत अनुमान छ । वास्तविक क्षतिको अनुमान सकिँदासम्म बढ्दो मागको कारण यो वर्ष हिउँदमा आयात गर्नुपर्ने सम्भावना बलियो छ । बङ्गलादेशसँग गरेको सम्झौता कार्यान्वयनमा नआउँदै भोग्नु परेको समस्याले हामीलाई अप्ठेरोमा पारेको छ ।

हालको क्षतिले धान बाली, पर्यटन र जलविद्युत् परियोजनामा ठूलो क्षति पुऱ्याएकाले विश्व बैंक, र एशियाली विकास बैंकको पाँच प्रतिशतको हाराहारीको आर्थिक वृद्धिको आँकलन सत्य साबित हुन निकै कठिन देखिएको छ । आगामी वर्षको आर्थिक बजेट निर्माण गर्दा तथा अन्तरिक राजश्वबाट गरिने खर्चको बाँडफाँट समेतमा निकै सावधानी अपनाउनुपर्ने हुन्छ ।

लामो समयसम्मको व्यापार घाटाले हामीलाई निकै कमजोर तुल्याएको छ । दीर्घकालीन घाटाले कुल गार्हस्थ उत्पादनको वृद्धिमा व्यवधान पुऱ्याउँछ किनभने यसले आन्तरिक उत्पादन घटाउँछ र स्थानीय उद्योगमा बेरोजगारी बढाउँछ । यस्तो अवस्थामा आपूर्तिको तुलनामा आन्तरिक माग बढ्ने हुनाले आयात बढेर मुद्रास्फीतिमा वृद्धि हुन्छ । आयातित वस्तुले उपभोग बढाए पनि यसको दीर्घकालीन असर भनेको आर्थिक अस्थिरता र न्यून वृद्धि हो । यसले गर्दा जनजीवन अस्तव्यस्त बनाएको छ ।

उपचारको लागि हामीले निर्यातको प्रतिस्पर्धात्मकता बढाएर नीतिगत सुधारद्वारा आयातको निर्भरता घट़ाउनुपर्छ । हामी औँलामा गन्न सकिने वस्तुहरुको निर्यातमा सीमित छौँ । त्यसैले स्थानीय स्तरबाटै उत्पादन हुनसक्ने र आफ्नो प्रतिस्पर्धात्मक क्षमता भएका वस्तुहरुलाई प्रोत्साहित गर्ने नीति लिनु आवश्यक छ । यसो गर्न सीमित वस्तु तथा व्यापार साझेदारहरुसँगको निर्भरता घटाउँदै निर्यात गरिने वस्तु तथा बजारको विविधीकरणमा जोड दिनु आवश्यक छ । यस्ता वस्तुहरुमा सूचना प्रविधि तथा वित्तीय सेवा, हस्तकला, र बागवानीजस्ता कृषि उत्पादनहरु पर्न सक्दछन् ।

नेपालजस्तो भूपरिवेष्टित मुलुकमा लागत र निर्यात गर्न लाग्ने समय न्यूनीकरण गर्न आवश्यक सामग्री र यातायात पूर्वाधार विकासमा लगानी बढाउन आबश्यक छ । ठूलो बजार भएका नेपालका दुई ठूला छिमेकी राष्ट्रहरुमा निर्यातको पहुँच बढाउन द्वीपक्षीय व्यापार सम्झौताको नियमित अनुगमन र सुदृढीकरण गर्ने तथा आन्तरिक उत्पादन र आयात विस्थापनको नीति प्रवर्द्धन गर्नु पनि त्यतिकै जरूरी छ ।

सन् २०२२ मा नेपालमा करिब २५ हजार सात सय ७० मेट्रिक टन खाद्यान्न विशेषगरेर चामल र गहुँको अभाव कम गर्न अन्य मुलुकका साथै भारतबाट ४२ लाख ६० हजार मेट्रिक टन खाद्यान्न अधिकतम् आयात गरियो । हाल आर्थिक सङ्कट र वातावरणीय प्रभावको कारण ४२ लाख ६० हजार नेपाली खाद्य असुरक्षित अवस्थामा छन् । सरकारको लक्ष सन् २०२४ सम्ममा ३० प्रतिशतले खाद्यान्नको आयात घटाउने रहेको छ । तरपनि खाद्यान्नमा आत्मनिर्भरता त्यति सजिलो देखिंदैन । यसको समाधानको उपयुक्त उपाय भनेको खेती गर्ने अभ्यासहरुमा आधुनिकीकरण, सिँचाइ प्रणालीमा सुधार र किसानहरुलाई आवश्यकता परेको बेला चाहिँदो सहयोग उपलब्ध गराउनु हो ।

गरिब मुलुकमा विप्रेषणबाट भएको आम्दानी बैंक तथा निजी क्षेत्रका ऋणदातालाई ऋण चुक्ता गर्न तथा भविष्यको लागि एक टुक्रा जमीन खरीद गर्न खर्चिएको देखिन्छ । यस्तो अवस्थामा कसरी उत्पादनशील क्षेत्रमा खर्च गर्न सक्छन् भन्ने प्रश्न उठेको देखिन्छ । आजकल धेरै मुलुकमा जग्गामा भन्दा साना उद्योग र कृषि उद्यमहरुलगायतका क्षेत्रमा लगानीका सम्भावना रहेका कुरा जानकारीमा ल्याउन वित्तीय साक्षरतामा जोड दिने गरेका छन् ।

लघुवित्त संस्थाबाट सहुलियतपूर्ण ऋण प्रदान गर्न प्रोत्साहन समेत गर्नुपर्छ । त्यस्तै स्थानीय व्यवसायहरुलाई विशेस सुविधा प्रदान गर्ने वित्तीय संस्थामा बैंक खाता खोल्न सुझाव दिन सकिन्छ । यस्ता वित्तीय संस्थाको अभावमा नेपाल राष्ट्र बैंकको पहलमा विशेस सुविधा दिएर भए पनि यिनीहरुको स्थापनार्थ पहल गरिदिनु पर्छ । यसका साथै रोजगारी सिर्जना गर्ने तथा आर्थिक स्थायित्वको लागि सहयोग पुऱ्याउन सक्ने क्षेत्रमा लगानी गर्दा विशेस सुविधा दिइने नीति निर्माण गर्न सम्बन्धित निकाय लाई दबाब दिनुपर्छ । निर्माण, पर्यटन र जलविद्युत् क्षेत्रमा बढीभन्दा बढी विदेशी लगानी आकर्षित गर्न नियामक प्रक्रियामा सुधार ल्याएर लगानीको वातावरण तयार गर्ने, अन्तरपार्टी समझदारी अनुरुप आर्थिक समृद्धिको साझा धारणा बनाई असफलतासँग नआत्तिएर राजनीतिक अस्थिरता हटाउने प्रयास निरन्तर जारी गर्नु आवश्यक छ ।

उद्योगपतिहरुले उच्च प्राथमिकतामा परेका उत्पादनशील क्षेत्रमा लगानी गर्न चाहेमा थप आकर्षणको लागि समयानुकूल औद्योगिक नीति पुनः तर्जुमा गर्नुपर्ने देखिन्छ । यस्तो नीतिमा कर छुट, कच्चा पदार्थ आयात गर्दा अनुदान र अनुसन्धान र विकाससम्बन्धी कार्यक्रमको लागि रकम, प्रविधि विकास र अनुसन्धानकर्ता जुटाउन आवश्यक सहयोग गर्ने प्रावधान राख्न सकिन्छ । शुरुमा सरकारको लागत वृद्धि भएता पनि दिगो विकासमा दूरगामी प्रभाव पर्न सक्छ । यस्तो सहयोग सधैँको लागि कायम राख्नु पर्ने भन्ने होइन ।

लगानीलाई निरन्तरता तथा उत्पादन अभिवृद्धि गर्न र उद्यमीको आकर्षण बढाउन सरकारसँग सम्बन्धित निकायहरु उदासिन हुनु हुँदैन । लगानी गर्नको लागि लगानीकर्ताले भौतिक संरचना तथा अबश्यक सेवाहरु उपलब्ध गराइने अपेक्षा गरेका हुन्छन् । यसको लागि सरकार-निजी क्षेत्रको सहकार्य अनिवार्य छ । हामीकहाँ लगानी बोर्डले साना लगानीकर्तालाई आवश्यकता अनुरुप समयमै निर्देशन तथा सल्लाह प्रदान गर्न सकेको महशूस गरिएको छैन । अहिलेको अवस्थामा औद्योगिक प्रतिष्ठानहरु न्यून क्षमतामा सञ्चालनमा आइरहेको देखिन्छ । आधुनिकीकरण, प्रविधिको स्तरोन्नति र कामदारहरुको प्रशिक्षण नियमित गर्न सके वैदेशिक लगानीमा आकर्षण थपिन सक्छ ।

गरिबी र वृद्धि हुँदै गएको आर्थिक असमानताले सामाजिक कल्याण कार्यक्रमको महत्व बढाएको छ । गरिबलाई केन्द्रबिन्दुमा राखेर लक्षित, समाज कल्याणकारी कार्यक्रम सञ्चालन गर्न जरूरी छ । अनुदानको लागि प्रावधान गरिएका अति आवश्यक वस्तुहरु, स्वास्थ सेवा र खाँचो परेका समुदायको पहुँचमा रहेको किफायती शिक्षाको उपलब्धता र निरन्तरतालाई सुनिश्चित गर्नुपर्दछ । बजेटमा राखिएका अनुदान उपलब्ध हुन नसके सेवाग्राहीले कानुनी उपचार पाउन सक्नुपर्छ ।

आर्थिक असमानताको प्रभाव न्यूनीकरण गरेर कार्यक्षेत्रमा प्रतिस्पर्धात्मक हुन कार्यबलको क्षमता अभिवृद्धिका लागि शिक्षा तथा प्राविधिक प्रशिक्षणमा थप लगानी आवश्यक छ । आर्थिक असमानता घटाएर आम्दानी र सम्पत्तिको पुन:वितरण गर्न प्रगतिशील कर कार्यान्वयनमा ल्याउन सकिन्छ । यो नीतिअन्तर्गत धनीलाई बढी कर र गरिबलाई कूल कर लागत घटाउन कर घटाउने अथवा कुनै निश्चित किसिमको आमदानीमा कर छुट दिनु पर्दछ । कतिपय अवस्थामा आर्थिक अवस्था कमजोर भएका करदाताले थोरै करको कारण ऊर्जा कुशल प्रविधिको प्रयोग नेपालमा उच्च प्राथमिकतामा परेका कृषि पैदावारमा न्यूनतम् मूल्य निर्धारण गर्ने तथा बजारको पहुँचमा सरकारले खासै सहजता पुऱ्याउन सकेको छैन ।

अन्त्यमा, सरकारले अबिलम्ब सेवाहरु प्रदान गर्नु आवश्यक छ । उदाहरणको लागि, विस्थापित जनसमुदायको सुरक्षाको लागि पाल तथा अस्थायी आवास, आकस्मिक खाद्यान्न र शुद्ध पिउने पानी, आवश्यकीय औषधिको बाकस र स्वास्थ सेवा, उद्धार कार्यको निरन्तरता, असर परेका स्थानहरुमा पहुँच पुऱ्याउन बन्द बाटो खुलाउने, सञ्चार सुबिधा पुन:स्थापना गर्ने, बसेकै ठाउँमा नगद सहयोग पुऱ्याउन ढिला नगर्ने, स्थानीय समुदायलाई सुरक्षित पानी पिउने र स्वच्छताबारे प्रशिक्षित गर्नुपर्ने हुन्छ । *(लेखक वरिष्ठ अर्थविद् तथा पूर्वराजदूत हुनुहुन्छ)*

# हेटौंडा-चित्लाङ-चन्द्रागिरि-काठमाडौं र हेटौंडा-पालुङ-नौबिसे सडकमा गुड्नथाले गाडी

बागमती, १८ असोज (रासस) ।

त्रिभुवन राजपथ सडकअन्तर्गतको हेटौँडा-चित्लाङ-चन्द्रागिरि-काठमाडौँ खण्डमा शुक्रबार बिहानदेखि यातायातका साधन सञ्चालन भएका छन् ।

जल तथा मौसम विज्ञान विभाग द्वारा भारी वर्षा हुनसक्ने सूचना जारी भएपछि शुक्रबार बिहानसम्म यी सडकमा सबै सवारीसाधन सञ्चालनमा स्थानीय प्रशासनले रोक लगाएको थियो ।

मकवानपुर जिल्ला प्रहरी कार्यालयका निमित्त प्रवक्ता ठाकुरप्रसाद सापकोटाका अनुसार सडकमा कुनै किसिमको अवरोध नरहेकाले शुक्रबार बिहानदेखि यातायातका साधन पुनः सञ्चालन भएका हुन् । हेटौँडा-पालुङ-नौबिसे सडकखण्डमा हलुका सवारी सञ्चालन भएका छन् ।

बाढीपहिराका कारण अवरुद्ध सबै सडक सञ्चालन

*बाँकी तीन पृष्ठमा*

# सडक पुल पुनः निर्माणका लागि २५ अर्ब लाग्ने

काठमाडौँ, १८ असोज (रासस)।

अविरल वर्षाका कारण सडक पूर्वाधारमा झण्डै रु २५ अर्ब बराबरको क्षति भएको छ। क्षतिको विवरण सङ्कलनको क्रममा रहेकाले सडक तथा पुलतर्फ अस्थायी यातायात चालु गर्न मात्रै झण्डै रु तीन अर्ब बराबरको बजेट आवश्यक पर्ने देखिएको छ। क्षति भएका सम्पूर्ण संरचनाको स्थायी रुपमा पुनःस्थापना गर्न रु २० देखि रु २५ अर्ब बराबर लाग्ने अनुमान गरिएको छ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले शुक्रबार संसद्को पूर्वाधार समितिको शुक्रबारको बैठकमा यही असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढीपहिरोका कारण भएको क्षतिका बारेमा जानकारी गराउँदै अस्थायी रुपमा भएपछि राजमार्ग नियमित सञ्चालनका लागि अधिकतम प्रयास गरिरहेको जानकारी दिनुभयो।

गत हप्ताको भीषण वर्षा र बाढीका कारण ३४ राजमार्गका आठ सय पाँच स्थानमा पहिरो गई सडक अवरुद्ध भएकामा सात सय ७४ स्थानको पहिरो हटाइएको छ। कूल २९ वटा राजमार्गमा विभागीय तथा भाडाकायन्त्र उपकरण र जनशक्ति प्रयोग गरी यातायात सञ्चालन गरिएको छ। हालसम्म पाँच वटा मुख्य राजमार्गका ३१ स्थानमा अवरुद्ध भएको यातायात सञ्चालनका गर्न अनवरत प्रयास जारी छ। कतिपय स्थानमा पहिरो हटाउनुका अतरिक्त कटिङ फिलिङ टेवा पर्खालका साथै ह्युम पाइप र अस्थायी प्रकृतिको बेजिब्रिज समेत राखी यातायात सञ्चालन गर्नुपर्ने अवस्था रहेको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ।

अरनिको राजमार्गको लार्चा- कोदारी खण्डको पाँच किलोमिटर क्षेत्रमा समस्या रहेको छ। लिपिङ पुल र लार्चाको बेजिब्रिज बगाएका कारण यातायात अवरुद्ध भएको छ। त्यसका लागि लार्चामा ह्युम पाइप र पेनस्टक पाइप र लिपिङमा बेलिब्रिज जडान गरी यातायात सञ्चालन गरिनेछ।

बिपी राजमार्गको चौकीडाँडा- कालढुङ्गा खण्डको १८ किलोमिटर क्षेत्रमध्ये १२ किलोमिटर सडक पूर्णरुपमा बगेका कारणबीच बीचमा सवारी साधन रोकिएका छन्। दुवै तर्फबाट पहिरो सफा गर्ने कार्य भइरहेको, रोशी खोलाको पानीको बहावलाई मध्यनजर गरी सम्भ भएससमका सबै विकल्पहरु प्रयोग गरी अस्थायी रुपमा यातायात सञ्चालनको प्रयास गरिएको छ।

पुष्पलाल मध्यपहाडी राजमार्गअन्तर्गत दोदालघाट राकथुम ८० किलोमिटर खण्डको धेरै स्थानमा पहिरो गई सडकसमेत बासआउट भएको, दुवै तर्फबाट पहिरो पन्छाउने कार्य भइरहेको छ। सडक सफा गरी बर्दिबासबाट बिपी राजमार्ग भएर आउने सवारी साधनलाई दोलालघाट हुँदै काठमाडौँ प्रवेश गराइनेछ।

कान्ति राजपथको घपेली बगुवा खण्डको १३ किलोमिटर र बागमती पुलको दाँयाबाँया एप्रोचमा समस्या भएको छ। कमवानपुर तथा ललितपुर दुवै तर्फबाट पहिरो सफा गर्ने काम भइरहेको छ। बाग्मती पुलको एप्रोच छिटो भन्दा छिटो निर्माण गरी सवारीसाधन नियमित गराइने छ।

मेची राजमार्गअन्तर्गत रमिते फिदिमको आठ किलोमिटर खण्डको रमितेडाँडाको पहिरो हटाउने काम भइरहेको छ। हेवा खोलामा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरिनेछ।

यस्तै, अरनिको राजमार्गको लिपिङमा १७ मिटर लामो बेलिब्रिज जडान गरिनेछ। यस्ते, अरनिको राजमार्गको लार्चामा ४५ मिटर, बिपी राजमार्गको सुनकोशी खैरेनीटारमा ५० मिटर लामो बेलिब्रिज जडान गर्नुपर्नेछ। यस्तै, बिपी राजमार्ग रामेछाप जोड्ने सडकको सुनकोशी खुर्कोट खण्डमा ५० मिटर लामो बेलिब्रिज जडानका लागि आवश्यक पहल सुरु गरिएको छ।

सगरमाथा राजमार्गको सुनकोशी फोक्सिङटारमा एक सय १० मिटर लमबाइको पुल बगाएको छ। त्यसका लागि मन्त्रालयले आवश्यक पहल थालेको छ। मेची राजमगएको हेवा खोलाको ५० मिटर लामो पुल बगाएको छ। त्यसका लागि डाइभर्सन निर्माण गर्नुपर्नेछ। यस्ते, कान्ति लोकपथको १५ मिटर लामो बागमती पुल बगाएको छ। अप्रोच सडक निर्माण गरी सो पुल सञ्चालनमा ल्याउने तयारी छ। माईपोखरी सन्दकपुर इलामका रातेखोलाको ३५ मिटर लामो पुल बगाएको छ।

पुल निर्माणका लागि आवश्यक पहल भइरहेको छ। क्षतिग्रस्त सडक पूर्वाधारको मर्मत सम्भारका लागि सङ्घीय सरकारले प्रदेश र स्थानीय तहसँगको समन्वयमा प्रभावकारी पहल गरेको स्पष्ट पारेको छ।

संसद्को भौतिक पूर्वाधार समितिको शुक्रबारको बैठकमा भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री देवेन्द्र दाहालले बाढीपहिरोका कारण राजमार्ग एवम् पुलहरुमा भएको क्षतिका कारण अस्तव्यस्त बन्न पुगेको यातायात क्षेत्र व्यवस्थापन र सञ्चालनका लागि मन्त्रालय तथा यातायात व्यवस्था विभागले विभिन्न पक्षसँग छलफल र परामर्श गरी सामान्य बनाउन विभिन्न पहल गरिएको जानकारी दिनुभयो।

विपद्का कारण अलपत्र परेका यात्रु एवम् यातायात मजदुरलाई यथाशीघ्र उद्धार एवम् राहत उपलब्ध गराउन गृहमन्त्रालयलाई अनुरोधसहित पत्राचार गरिएको मन्त्री दाहालले जानकारी दिनुभयो। विषम परिस्थितिका कारण उत्पन्न हुनसक्ने दुर्घटना एवम् जोखिम न्यूनीकरण गर्न अति आवश्यक काम बाहेक यात्रा नगर्न र गर्नै परे सावधान अपनाउन अनुरोध गरिएको थियो।

यातायात व्यवसायी, नेपाल प्रहरी र नयाँ बसपार्क व्यवस्थापनसँग समन्वय गरिएको, देशैभरीको विपद एवम् सडकको अवस्थाको एकीकृत र भरपर्दो सूचना व्यवस्थापनका लागि नोल प्रहरी प्रधान कार्यालयलाई नियमित रुपमा फेसबुक पेजमार्फत ताजा सूचना सम्प्रेषण गर्न अनुरोध गरिएको मन्त्री दाहालले जानकारी दिनुभयो।

काठमाडौँ छुट्ने यात्रुवाहक बसलाई सडकको अवस्थाहेरी सुरक्षित ढङ्गले सवारीसाधन परिस्थितिहेरी उज्यालो समयमा नै गन्तव्यमा पुग्ने गरी समन्वय गरिएको छ।

### *हेटौँडा-चितलाङ- ...*

गर्न सडक विभाग, सुरक्षाकर्मी तथा बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको प्राविधिक टोलीले काम गरिरहेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले बताउनुभयो। हेटौँडा-काठमाडौँ जोड्ने सडकअन्तर्गत हेटौँडा-भैँसे-रातोमाटे खण्डको गोल्पिङबेँसीमा ठुल्ला ढुङ्गासहित खसेको पहिरो पन्छाउन चारवटा मेसिन प्रयोग गरेर काम भइरहेको छ।

सडक विभाग र सुरक्षाकर्मीको टोलीले मकवानपुरको सोही सडक खण्डअन्तर्गत भिमफेदी गाउँपालिका-६ स्थित देउरालीबाट इन्द्रसरोवर गाउँपालिका-२ सिमखोलासम्मको पहिरो पन्छाइसकेको र इन्द्रसरोवर गाउँपालिका-२ स्थित बाढीले बगाएको कुलेखानी पुलको निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो। दक्षिणकाली-फर्पिङ सडकअन्तर्गत महालक्ष्मी खोलादेखि पाकेलसम्म र पाकेलदेखि फर्पिङसम्मका केही भागमा खसेको पहिरो पन्छाउन दुईवटा मेसिन चलाइएको छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधारतथामालपोतकार्यालयसप्तरी,राजविराज
मिति :-२०८१/०६/१६

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १६ गुलठ मण्डल नाममा दर्ता रहेका साबिक प्रगन्ना पकरी मौजे मन्सापुरको सा.कि.नं. २६ को ज.वि. ०-९-०, ऐ.ऐ. सा.कि.नं. १७९ ज.वि. ०-३-१५हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.बि.स बभनगमाकट्टी वडा नं.९ हाल तिलाठी कोइलाडी गा.पा. बडा नं. ७ बस्ने गुलठ मण्डलको नाति गोपाली मण्डलको छोरा जुलेश्वर मण्डलको यस कार्यालयमा द.नं. ८७२ मिति २०८१/०४/१५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०६/१६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २६<br>१७९ | गुलठ मण्डल | बभनगमा कट्टी | ७<br>७ | १६/७७८<br>१५१/७९७ | ०-१-१०<br>०-०-१८ | जुलेश्वर मण्डल | कि.नं. १६ को फिल्डबुकको किसानको महलमा दगर, ज.ध. महलमा खाली, कैफियत महलमा ०-१-१० नथर मंडलको नाममा दर्ता कायम, कि.न. १५१ को किसानको महलमा-डील, ज.ध.को महल खाली, नथर मंडलको भाग दर्ता भएको |


## विश्व समाचार

### मध्यपूर्व तनावक करण तेलको मूल्य वृद्धि

न्युयोर्क, १८ असोज (रासस/एएफपी)।

मध्यपूर्वमा बढ्दो द्वन्द्वको आशङ्काप्रति लगानीकर्ताहरूको प्रतिक्रियास्वरूप बिहीबार तेलको मूल्य वृद्धि भएको छ भने विशेषगरी प्रमुख सेयर बजारमा गिरावट आएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलमाथि तेहरानको मिसाइल आक्रमणको प्रतिशोधमा इरानी तेल साइटहरूमा सम्भावित इजरायली आक्रमहरूबारे 'छलफल गरिरहेको' बताउनुभएपछि तेलको मूल्य बढेको हो।

अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट पाँच प्रतिशतभन्दा धेरैले बढेर प्रतिब्यारेल ७७ दशमलव ६२ डलर पुगेको छ भने अमेरिकी सम्भौता वेस्ट टेक्सास इन्टरमिडिएट पनि त्यसरी नै बढेको छ। प्रमुख अमेरिकी स्टक सूचकाङ्कहरू दिनको अधिकांश समयमा नकारात्मक रहे। एसएन्डपी५०० शून्य दशमलव दुई प्रतिशतले घटेर बन्द भयो। लन्डन, पेरिस र फ्रेङ्कफर्टका सेयर बजार सबै रातो भएर बन्द भए।

अमेरिकी डकवर्करसको हडताल र अमेरिकी फेडरल रिजर्भको आगामी ब्याजदर कदमबारेको अनुमानले पनि लगानीकर्ताहरूलाई प्रभावित गरेको थियो। शुक्रबार प्रमुख रोजगारी प्रतिवेदन आउने भएको छ। डलरको सुरक्षित आश्रय स्थितिले यसको मूल्य बढेको छ। बेलायती पाउन्ड डलरको तुलनामा एक प्रतिशतभन्दा बढीले घटेको छ। बैंक अफ इङ्ल्यान्डका प्रमुख एन्ड्रु बेलीले बेलायती ऋण लागतमा तीव्र कटौतीको सङ्केत दिनुभयो।

एसियामा येन कमजोर हुँदा टोक्यो दुई प्रतिशतले बढेर बन्द भयो। यसले जापानका निर्यातकर्ताहरूलाई सहयोग गरेको छ। चीनको कमजोर अर्थतन्त्रलाई प्रोत्साहित गर्न चालिएको साहसिक कदमका कारण भएको तीव्र वृद्धिपछि हङकङ एक साताभन्दा लामो समयमा पहिलो पटक घट्यो। यो साता इजरायलमाथि इरानको क्षेप्यास्त्र आक्रमणले इजरायलको गाजा र लेबनानमा तेहरान समर्थित समूहहरूसँगको द्वन्द्व व्यापक क्षेत्रीय युद्धमा परिणत हुनसक्ने डर बढाएको छ।

"बजारहरू निलम्बित अवस्थामा छन्, इरानविरुद्ध इजरायलको अपेक्षित प्रतिशोधका लागि बजारहरू तयार छन्, यस्तो कदमले तेलको मूल्यलाई व्यापक रूपमा बढाउन सक्छ", स्वतन्त्र बजार विश्लेषक स्टिफन इन्सले भन्नुभयो। लेबनानी लडाकू समूह हिजबुल्लाहलाई समर्थन गर्ने इरानले इजरायलले जवाफी आक्रमण गरे आफ्नो प्रतिक्रिया बढाउने बताएको छ। लेबनानमाथि इजरायली बमबारीमा अहिलेसम्म एक हजारभन्दा बढी मानिस मारिएका छन्। यसमा बेरुतमा भएका आक्रमणहरू पनि समावेश छन्।

इजरायली सेनाले बिहीबार लेबनानको राजधानी बेरुतमा हिजबुल्लाहको खुफिया मुख्यालयमा आक्रमण गरेको बताएको छ। सैनिकहरू भने सीमा नजिक लडाकूहरूसँग लडिरहेका थिए र युद्धक विमानहरूले मुलुकभर उनीहरूका गढहरूमा बमबारी गरिरहेका थिए। यद्यपि विश्लेषकहरूले गत साता अमेरिकी भण्डारण अपेक्षाभन्दा बढेकाले तेलको मूल्य वृद्धि सीमित हुनसक्ने बताएका छन्। लिबियाको पूर्वी प्रशासनले पनि बिहीबार एक महिना लामो उत्पादन र निर्यात अवरोध अन्त्य गरेको घोषणा गरेको छ।

साउदी नेतृत्वको ओपेक प्लस तेल कार्टेलले डिसेम्बरदेखि उत्पादन बढाउने तय गरे(को छ। यसले आपूर्तिको चिन्तलाई अझ कम गर्नेछ। लगानीकर्ताहरूले शुक्रबार प्रमुख अमेरिकी गैर-कृषि पेरोल रोजगारी प्रतिवेदनमा ध्यान केन्द्रीत गर्दैछन्। यसले गत महिनाको चार वर्षमा पहिलो पटक कटौतीपछि फेडको ब्याजदर योजनाबारे सङ्केत दिन सक्छ। बुधबारको आँकडाले सेप्टेम्बरमा अमेरिकी निजी क्षेत्रको रोजगारीमा अप्रत्याशित वृद्धि देखाएको थियो।

### हेलेन आँधीका कारण अमेरिकामा २ सय १० भन्दा बढीको मृत्यु

एशभिले, संयुक्त राज्य अमेरिका, १८ असोज (रासस)।

अमेरिकामा आएको हेलेन आँधीका कारण अहिलेसम्म २१० जनाभन्दा बढीको मृत्यु भएको छ। नर्थ क्यारोलिनामा हेलेनका कारण सबैभन्दा बढी क्षति पुगेको छ। अमेरिकाको दक्षिणपश्चिमी क्षेत्रमा 'हेलेन' आँधीका कारण मृत्यु हुनेको सङ्ख्या २०० नाघेको छ भने व्यापक भौतिक क्षति पुऱ्याएको छ। अमेरिकी उद्धारकर्ताहरूले आँधीबाट बचेकाहरूको खोजी कार्य जारी राखेका छन्।

नर्थ क्यारोलिनामा हेलेनका कारण आधाभन्दा बढी मानिसको मृत्यु भएको छ। हेलेन सन् २००५ मा आएको क्याट्रिना आँधीपछिको सबैभन्दा घातक आँधी साबित भएको छ। सन् २००५ मा यहाँ आँधीबेहरीका कारण एक हजार ८०० भन्दा बढीको मृत्यु भएको थियो।

'हेलेन' आँधी आएको करिब एक साता बितिसक्दा पनि त्यस क्षेत्रमा सयौं मानिस हराइरहेका छन् भने करिब आठ लाख घरअझै पनि विद्युत्विहीन छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले बिहीबार आँधीप्रभावित क्षेत्रको हवाई भ्रमण गरेपछि जर्जियाको रे सिटीमा बाइडेनले प्रभावितहरूलाई भन्नुभयो, "म तपाईंलाई देख्छु, म तपाईंको कुरा सुन्दैछु, म तपाईंसँग दुःखी छु, र म तपाईंसँग प्रतिज्ञा गर्छु, हामी तपाईंको साथमा छौं।"

# यु १९ सप्तरी क्रिकेट टिमको घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

वाईवाई यु १९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिताका लागी मधेश प्रदेश स्तरिय क्रिकेट छनोट प्रतियोगिताका लागि सप्तरी यु १९ टिमको छनोट गरिएको छ ।

यही असोज १९ गतेदेखि बारा जिल्लाको कलैयामा हुने प्रदेश स्तरिय छनोट क्रिकेटको लागि अभिशेक कार्कीको नेतृत्वमा १४ सदस्यीय टिम चयन गरिएको हो ।

राजबिराजमा असोज १६ र १७ गते सम्म चलेको बन्द प्रशिक्षणवाट अभिशेक कार्की( कप्तान) अजय यादब, कर्ण बहादुर बिक, राज वर्मा, भिम यादव, वसन्त यादब, मोहम्मद सोहेल, संदिप यादब छन । त्यसैगरी गौरब साह, विजय यादब, सकिम आलम, भोला साह, सौरब झा, सन्तु मण्डल चयन भएको छनोट समितिका संयोजक अनवर अलीले जानकारी दिए ।

वैकल्पिक खेलाडीहरूमा अमन यादव, शिव दास र फविन यादब रहेको छ भने टिमको व्यवस्थापकमा बिरेन्द्र यादव र प्रशिक्षकमा राहुल सिँहलाई जिम्मेवारी दिएको छ ।

प्रदेशस्तरिय छनोट खेल अन्तर्गत सप्तरीले शनिवार सर्लाही सँग खेल्ने छ । मधेश प्रदेश स्तरिय छनोट प्रतियोगितावाट यही कार्तिक ३ गतेदेखि बिराटनगरमा यु १९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेश टिमले सहभागिता जनाउने सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादबले जानकारी दिए ।

# जनकपुरमा तीनवटा अत्याधुनिक शौचालय बन्ने

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

मधेस प्रदेशको राजधानी सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत जनकपुरमा प्रदेश सरकारले तीनवटा अत्याधुनिक शौचालय बनाउने भएको छ ।

तीन करोडको लागतमा उक्त शौचालयहरू निर्माण गर्ने योजना बनाइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

शौचालय निर्माणका लागि जनकपुरधामका बसपार्क, राम मन्दिरको दक्षिणी भाग र कमर्डहल तथा मणिपालको बिचमा जग्गा छनौट समेत गरिएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

जानकी मन्दिर दर्शन गर्न तथा विभिन्न धार्मिक एवं सांस्कृतिक उत्सवमा सहभागी हुन आउने भक्तजनलगायतका लागि जनकपुरमा सुविधा सम्पन्न शौचालय नहुँदा सास्ती व्यहोर्नु परेको गुनासाहरू बढ्दै गएको थियो ।

जनगुनासा बढ्न थालेपछि प्रदेश सरकारले तीनवटा शौचालय निर्माण गर्ने योजना बुनेको मधेसका मुख्यमन्त्री सतिस सिंहले बताए ।

यस्तै जनकपुरधाममै सांस्कृतिक पर्यटकीय पार्क निर्माणका लागि जनकपुरधामको तिरहुतिया गाछीमा जग्गा छनौट गरिएको जनाइएको छ । खुला जिमसहितको पार्क निर्माणका लागि प्रदेश सरकारले ४० लाख रुपैयाँ विनियोजन गरेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

# बाढीपहिरामा परी दुई सय ३९ जनाको मृत्यु

काठमाडौं, १८ असोज (रासस) ।

हालैको बाढीपहिरामा परी दुई सय ३९ जनाको मृत्यु भएको छभने १९ जना बेपत्ता छन् । अन्य एक सय ७७ जना घाइते भएका छन् ।

गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीका अनुसार बाढीपहिरो प्रभावित क्षेत्रबाट हालसम्म १७ हजार एक सय ३१ जनाको उद्धार भएको छ भने सहायता परिचालन र अवरुद्ध राजमार्गहरू मर्मत गरी यातायात सञ्चालनको प्रयास जारी छ ।

***मधेश प्रदेश ...***

कर्मचारीहरूको कामबारे अध्ययन गरी सुझावसहित प्रतिवेदन पेस गर्न ४ सदस्यीय समिति गठन गरेको हो ।

प्रदेश सांसद उपेन्द्र महतोको संयोजकत्वमा चार सदस्यीय समिति गठन गरिएको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । समितिको सदस्यमा मन्त्रीद्वय प्रमोद जैसवाल र शेष नारायण यादव तथा प्रदेश सांसद संजयकुमार यादव छन् ।

***नवनिर्वाचित ...***

संघका अध्यक्ष लालुप्रसाद अग्रवालले दशै लगायतका ठुला चाडपर्व सुरु भइसक्दा पनि बजारमा रौनक नदेखिएको उल्लेख गरे ।

उनले बजारमा भन्सार छलीका समान छ्याप छ्याप्ती बिक्री भइरहेको बताउदै यसले स्थानीय व्यापारमा धक्का पुऱ्याएको, बैंकको ब्याजले सताएको र अनुगमनका नाममा प्रशासनले व्यापारीहरुमाथी नै दुःख दिने काम भइरहेको भन्दै आक्रोश समेत पोखे ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए । सो कार्यक्रममा प्रदेश सांसद अनिरुद्ध प्रसाद सिह यादव, संविधान सभा सदस्य सुरेन्द्र यादव, बोदेवसाईन नगरपालिकाका मेयर आतेस सिह यादव, महिला नेतृ डा.बबि सिह यादव लगायतले व्यापार व्यवसाय क्षेत्रमा देखिएको समस्याहरु समाधान गर्नेतर्फ पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।


हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



हार्दिक मंगलमय शुभकामना



२०८१ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np